# बिन्दबासिनी गाउँपालिका

## स्थानीय राजपत्र

मिति – २०८२/०२/२०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम बिन्दबासिनी गाउँ कार्यपालिका पर्साको मिति २०८२/०२/२० गतेंको बैठकबाट पारित भएको बिन्दबासीनि गाउँपालिकाको "लक्षित समुह तथा बिपन्न बर्गलाई समाग्रीहरु वितरण कार्यबिधि २०८२ " सर्वसधारणको जानकारीका लागी स्थानीय सरकार संचालन ऐन २०७४, को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ ।

२०८२ सालको कार्यबिधि संख्या – १

| |
|---|
| लक्षित समुह तथा बिपन्न बर्गलाई समाग्रीहरु वितरण कार्यबिधि २०८२, |

प्रमुख प्रशासकीय अधिकृत

प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

बिन्दबासिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बहुअर्वाभाट्टा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७३

## लक्षित समुह तथा बिपन्न बर्गलाई समाग्रीहरु वितरण कार्यबिधि २०८२

बिन्दबासिनी गाउँपालिका पर्सामा लक्षित समुह तथा विपन्न वर्गको जीवन स्तरमा सुधार ल्याउन, समाजिक तथा आर्थिक बृद्धिमा टेवा पुर्याउन, कृषी उत्पादन तथा उत्पादक्तवमा समय सापेक्ष सुधार गर्न, कृषीमा नविनतम प्रविधीको प्रयोग अभिवृद्धि गरी उपलब्ध स्रोत साधनको परिचालन एवम प्रयोगमा पार्दशिता, मितब्ययिता र प्रभाकारीता ल्याई आर्थिक सुशासन कायम गर्न, उत्पादन मुलक तथा प्रतिफल मुलक क्षेत्रमा लागानी अभिवृद्धि गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

क) यो कार्यविधिको नाम **"लक्षित समुह तथा बिपन्न बर्गलाई समाग्रीहरु वितरण कार्यबिधि २०८२"** रहनेछ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु भएको मानिनेछ ।

२. **परिभाषा र ब्याख्या –** विषय वा प्रशंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) **"विपन्न वर्ग"** भन्नाले आर्थिक रुपले कमजोर वा बार्षिक ७३ हजार भन्दा कम आम्दानी गर्ने वर्गलाई सम्झनु पर्नेछ ।

ख) **" लक्षित वर्ग "** भन्नाले कुनै खास पेशा, सीपसंग आब्द्ध जनसंङ्खया, समाजिक तथा आर्थिक रुपले पछाडी परेका जातजाती समुदाय, एकल महिला, बालबालिका तथा फरक क्षमता/अपाङ्गता भएका वर्गलाई सम्झनु पर्नेछ ।

बाबु साह कानु
प्रमुख प्रशासकीय अधिकृत

प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

ग) **"अनुदान"** भन्नाले कार्यालयले कुनै सेवा वा समाग्रीमा उपलब्ध गराउने मौद्रिक सहायता सम्झनु पर्नेछ ।

घ) **"राजश्व"** राजश्व भन्नाले निवेदकले कुनै सेवा लिए वापत तिरेको रकम वा लागत सहभागिता सम्झनु पर्नेछ ।

ङ) **"निवेदन"** भन्नाले कुनै बस्तु वा सेवा प्राप्त गर्न निवेदकले लिखित रुपमा पेश गरेको पत्र वा कागजात सम्झनु पर्नेछ ।

च) **"भरपाई"** भन्नाले निवेदकले सेवा वा बस्तु प्राप्त गर्दा सहि छाप गरि प्रमाणित गरि दिईएको कागजात सम्झनु पर्नेछ ।

छ) **"अध्यक्ष"** भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्नेछ ।

ज) **"कार्यपालिका"** भन्नाले भन्नाले गाउँकार्यपालिका सम्झनु पर्नेछ ।

## परिच्छेद -२

३. **कार्यविधिको उद्देश्य :-** अनुदानमा कृषि तथा सरसफाई क्षेत्रसंग सम्बन्धित समाग्रीहरु वितरण गरिने कार्यक्रम संचालन प्रक्रियालाई पारदर्सि, सहज र सरल बनाउने ।

४. **कार्यक्रम संचालनको उद्देश्यः-** अनुदानमा कृषि तथा सरसफाई क्षेत्रसंग सम्बन्धित समाग्रीहरु वितरण सम्बन्धी कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) कृषिलाई आधुनिकिकरण, ब्यवसायिकरण गरी खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगार सृजना गर्ने र कृषि क्षेत्रमा आकर्षण बढाउने ।

(ख) खुल्ला दिशामुक्त अभियानलाई सार्थक बनाउदै स्वक्ष तथा सफासुघर समाजको परिकल्पना सकार गर्ने ।

५. <u>वितरण हुने समाग्रीहरुको क्षेत्रगत विवरण</u> –

| | कृषि क्षेत्र | खानेपानी तथा सरसफाई | अन्य |
|---|---|---|---|
| १ | सिचाई संरचना (बोरिङ्ग) | चापाकल | |
| २ | स्प्रे टंकी | रिङ्ग चर्पी | |
| ३ | जैविक मल | डस्ट बिन (रातो र हरियो ) | |
| ४ | कृषि चुन, जिंक, तथा बिषादी | | |

श्याम बाबु साह कानु
प्रमुख प्रशासकीय अधिकृत



प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| ५ | गहु, धान, मकैको बिउँ | | |
| ६ | तरकारीको बिउँ | | |

६. **कृषि क्षेत्रसंग सम्बन्धित समाग्री वितरणको उद्देश्य तथा प्रक्रिया -** यस गाउँपालिकाको अधिकत्म जनसंख्या कृषि पेशामा आब्द्ध रहेको हुदाँ विन्दबासिनी गाउँपालिकाको गठन २०७३ मा भए पश्चात यस गाउँपालिकाले आफ्नो नागरिकको आर्थिक तथा समाजिक बिकासको लागी बिभिन्न प्रयास गर्दै आए तापनी कृषि क्षेत्रमा अपेक्षित उपलब्धी हासिल गर्न नसकेकोले कृषि पेशामा बिभिन्न अनुदानात्मक कार्यक्रम राखी आकर्षण बढाउन तथा उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न गाउँपालिका भित्रका कृषकहरु निम्नानुसार समाग्री वितरण कार्यक्रम अगाडी बढाउन सकिनेछ ।

क) वितरण प्रक्रिया –

| सि.न. | कृषि समाग्रीको प्रकार | आवश्यक कागजात | लागत सहभागिता रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | सिचाई संरचना (वोरिङ्ग) | लाभग्रहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, सिचाई संरचना जडान हुने जग्गाको लालपुर्जा प्रतिलिपी, लागत शुल्क तिरेको रसिद | कुल लागतको २५%, | जडान खर्च कृषक स्वयमले बेहोर्नु पर्नेछ । समाग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| २. | स्प्रे टंकी | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, लागत शुल्क तिरेको रसिद | कुल लागतको २५%, | समाग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| ३. | जैविक मल | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, लागत शुल्क तिरेको रसिद | कुल लागतको १५%, | समाग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| ४. | जिंक, तथा विषादी | ना.प्र.प. प्रतिलिपी | निःशुल्क | समाग्री बुझेको भरपाई गर्नु पर्नेछ। |

प्रमुख प्रशासकीय अधिकृत



प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५. | गहु, धान, मकैको बिउँ | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, लागत शुल्क तिरेको रसिद | कुल लागतको ५०%, | समाग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| ६. | तरकारीको बिउँ | लाभग्राहीको ना.प्र.प. प्रतिलिपी, | निःशुल्क | समाग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| ७ | कृषि चुन, | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, लागत शुल्क तिरेको रसिद | कुल लागतको १५%, | समाग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| ८ | माछाको दाना | माछा पोखरी संचालनको प्रमाण | कुल लागतको २५%, | समाग्री बुझेको भरपाई गर्नु पर्नेछ। |

ख) दफा ६ (क) मा जेसुकै लेखिएको भएतापनी जग्गा भडामा (हुण्डा/बटैया) लिई कृषि पेशामा आवद्ध भुमिहिन कृषकलाई वडा कार्यालयको सिफारिसमा कार्यपालिकाको निर्णायानुसार माथि उल्लेख भएको लागत सहभागिता शुल्कमा ५० प्रतिशत छुट गरिनेछ।

ग) दफा ६ को उपदफा (क) मा सिचाई संचरना (डिप बोरिङ्ग) सम्बन्धमा जे सुकै लेखिएको भए तापनी संघ र प्रदेश सरकारबाट हस्तणान्तरित ससर्त तर्फका बजेटमा सो ब्यवस्था लागु हुने छैन ।

७. **खानेपानी तथा सरसफाई क्षेत्रसंग सम्बन्धित समाग्री वितरण प्रक्रिया –** (क) यस गाउँपालिका भित्र खानेपानीमा सहज पहुच पुर्याउन यस कार्यालयले चापाकल खरिद वितरण तथा जडान कार्यक्रम तथा सरसफाई क्षेत्रमा देखिएको खुला दिशा सम्वन्धी समस्या समाधना गर्न निम्ननुसार प्रक्रियाबाट चापाकल तथा रिङ्ग चर्पि खरिद गरी वितरण गरिनेछ ।

| सि.न. | समाग्रीको प्रकार | आवश्यक कागजात | लागत सहभागिता रकम रु. | कैफियत |
|---|---|---|---|---|
| | | | | |

श्याम बाबु साह कानु
प्रमुख प्रशासकीय अधिकृत

प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १. | चापाकल (खानेपानी धारा ) | लाभग्रहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, लागत शुल्क तिरेको रसिद, लाभग्रीको घरमा धारा नभएको ब्यहोराको वडाको सिफारिस | कुल लागतको १५%, | समाग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| २. | रिङ्ग चर्पी | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, घरमा शौचालय नभएको ब्यहोराको वडाको सिफारिस | नि:शुल्क | समाग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| ३ | डस्ट बिन (रातो र हरियो ) | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, (मठ मन्दिर बिद्यालयको हकमा निवेदन मात्र) | नि:शुल्क | समाग्री बुझेको भरपाई गर्नु पर्नेछ। |

(ख) दफा ७ को उपदफा (क) को सि.न. १ मा जेसुकै लेखिएको भए तापनी भुमिहिन, सुकुम्बासी, तथा बार्षिक रु ७३०००।०० भन्दा कम आय भएका ब्यक्ति अर्थात गरिबीको रेखामुनी रहेको परिवारलाई वडाको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार १०% मात्र लागत सहभागितामा खानेपानी संरचना जडान गराईनेछ।

**८. सूचना प्रकाशन गर्नुपर्ने** :- दफा ५ अनुसारको समाग्री वितरण पारदर्शी एवम् गाउँपालिका भित्रका सम्पुर्ण लाभग्राहीहरुलाई समान पहुच पुर्याउने उद्देश्यले कार्यालयले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सर्वसधारणमा जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद -३

**९. असुल उपर गर्नु पर्ने** :- परिच्छेद - २ मा उल्लेख भए अनुसार पुर्ण वा आंशिक अनुदानमा उपलब्ध गराईएको समाग्री झुठ्ठा विवरण पेश गरी प्राप्त गरेको प्रमाणित हुन आएमा लागतको शत प्रतिशत रकम त्यस्ता लाभग्राहीबाट असुल उपर गरिनेछ ।

श्याम बाबु काउ कानु
प्रमुख प्रशासकीय अधिकृत

प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

**१०. अनुगमन तथा निरिक्षण :-** कृषि क्षेत्रसंग सम्बन्धित वितरित समाग्रीको आवश्यक्ता अनुसार अनुगमन तथा निरिक्षण कृषि शाखाबाट तथा खानेपानी तथा सरसफाई क्षेत्रसंग सम्बन्धित वितरित समाग्रीको अनुगमन आवश्यक्ता अनुसार प्राविधिक तथा समाजिक विकास शाखाबाट गरिनेछ ।

**११. गुनासो व्यवस्थापन :-** (क) लाभग्राहीहरुले अनुदानमा प्राप्त गर्ने समाग्रीहरु सम्बन्धमा वा अनुदान प्रक्रियामा हुने त्रुटिहरु सम्बन्धमा कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछन।

(ख) उपदफा (क) अनुसार प्राप्त गुनासो उपर कार्यालय प्रमुखले १५ दिन भित्र प्रकिया पुरा गरी सत्य तथ्य बुझी गुनासो निरुपन गर्नु पर्नेछ ।

(ग) कार्यालय प्रमुखले गुनासो व्यवस्थापन नगरेको खण्डमा निवेदले गाउँपालिका अध्यक्ष समक्ष गुनासो गर्नु पर्नेछ ।

(घ) उपदफा (ग) अनुसार प्राप्त गुनासोलाई अध्यक्षले ७ दिन भित्र व्यवस्थान गरी अन्तिम किनारा लगाउनु पर्नेछ ।

**१२. कार्यक्रमको प्रभाकारीता :-** " लक्षित समुह तथा बिपन्न बर्गलाई समाग्रीहरु वितरण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघिय, प्रदेश, तथा अन्य दातृ निकायबाट कार्यन्वयन हुने समान प्रकृतिका कार्यक्रमहरुसंग यस गाउँपालिकाको कार्यक्रम नबाझिने गरी अर्थात दोहोपना नहुने गरी आवश्यक समन्वय गरेर वितरण कार्यक्रम संचालन गरिनेछ ।

**१३. खारेजी तथा संसोधन :-** (क) गाउँकार्यपालिकाले आवश्यक्ता अनुसार यस कार्यविधिलाई संसोधन गर्न सकिनेछ ।

(ख) यस कार्यविधिमा उल्लेख भएका आर्थिक पक्ष बाहेकका व्यवस्थाहरु प्रचलित संघिय तथा प्रदेश कानुनसंग बाझिएको हदसम्म स्वत अमान्य हुनेछ ।

प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

श्याम बाबु साह कानु
प्रमुख प्रशासकीय अधिकृत